# मुस्ताङ जिल्लाका 'थकाली' र 'ल्होवा' समुदायमा प्रचलित लोकनृत्यहरू

**डा. मुकुन्द शर्मा***

**लेखसार**

*प्रस्तुत आलेखमा मुस्ताङ जिल्लामा बसोवास गर्ने थकाली र ल्होवा समुदायमा प्रचलित लोकनृत्यहरूलाई अध्ययनको विषय बनाइएको छ । यस्ता नृत्यहरू आख्यानबद्ध र आख्यानमुक्त तथा पार्विक, संस्कार र सार्वजनिक उत्सव वा समारोहका अवसरमा गरिने रामरमितासँग सम्बन्धित रहेका पाइन्छन् । अध्ययनीय नृत्यमध्ये कतिपय गीतरहित वाद्यवादनका तालमा र कतिपय गेय, वाद्य र नृत्यसहितका तथा निर्धारित वेशभूषायुक्त र मुक्त वेशभूषामा तथा महिला र पुरुषको समान सहभागितामा प्रस्तुत गर्ने गरेको पाइन्छ । यिनै विशेषता नै यहाँका नृत्यगत वर्गीकरण र शैलीगत विशेषता पनि हुन् । नृत्यसम्बन्धी सैद्धान्तिक अवधारणाबाहेक मुस्ताङ जिल्ला र यहाँका थकाली र ल्होवा समुदायलाई नै अध्ययनको भौगोलिक, जातिगत र विधागत सीमा बनाई यस्ता नृत्यका बारेमा हालसम्म अध्ययन गर्ने कार्य बाँकी नै रहेको देखिएकाले अध्ययनीय नृत्यको प्रस्तुति कुन बेला केकसरी गरिन्छ भन्ने जिज्ञासाको समाधान यस आलेखमा गरिएको छ । यस आलेखका लागि नृत्यसम्बन्धी सामग्रीको सङ्कलन क्षेत्रकार्य र स्थानीय ज्ञातासँगको सोधपुछका आधारमा गरिएको छ भने सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय कार्यबाट द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ । यसैका आधारमा सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । यसरी यस आलेख प्रयोजनका लागि अध्ययनीय नृत्यको प्रस्तुति कुन कुन बेलामा केकसरी गरिन्छ भन्ने बारेमा खोजी गरी जनसमक्ष ल्याउनु यस अध्ययनको महत्त्वपूर्ण उपलब्धि बन्न पुगेको छ । यस प्रकार मुस्ताङ जिल्लाका थकाली र ल्होवा समुदायमा प्रचलित रही अध्ययन हुन बाँकी नै रहेका यस्ता नृत्यहरूको खोजी गरी जनसमक्ष ल्याउनु आवश्यक छ भन्ने यस अध्ययनबाट देखिन आएको छ ।*

**शब्दकुञ्जी**

टिङ्ला, तोरन्ल, फाला, फावा, ल्होच्छोढ्ढुन ।

* सहप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ ।

# [Popular folk dances of 'Thakali' and 'Lhowa' ommunities in Mustang District

**Dr. Mukunda Sharma**


## Abstract

*The popular folk dances of Thakali and Lhowa communities living in Mustang district have been made the topic of the study. Such dances are related to narratives and non-narratives and are related to Ramramita performed on the occasion of paarvik, rites and public festivals or ceremonies. Among the researchable dances, some dances are performed to the rhythm of instrumental music without songs and some are performed with songs, instruments and dances, with fixed costumes and free costumes and with equal participation of both men and women. These characteristics are also the dance classification and stylistic characteristics. In addition to the theoretical concept of dance, it is seen that there is still work to be done such dances by making geographical, caste and genre boundaries of the study to Mustang district and the Thakali and Lhowa communities here, so the question of when and how the performance of the study dance is done is solved in this article. For this article, the material related to dance has been collected on the basis of field work and inquiries with local experts, while for the theoretical study, material from secondary sources has been collected from library study. Based on this, a theoretical framework has been created. Thus, for the purpose of this article, it has become an important achievement to the research and bring to the public when and how the presentation of researchable dance is done. In this way, it has been seen from this study that it is necessary to study and search for such dances which are popular in the Thakali and Lhowa communities of Mustang District and have yet to be studied.*



## Keywords

Tingla, Toranl, Phala, Fawa, Lhochchodhun.]


## विषयपरिचय

‘मुस्ताङ’ हालको राजनीतिक संरचना अनुसार गण्डकी प्रदेशको हिमाली भूभागमा पर्ने एउटा जिल्ला विशेषको नाम हो । यस जिल्लामा विभिन्न समुदायको बसोवास रहेको छ । यिनैमध्ये थकाली र ल्होवा समुदाय पनि पर्दछन् । यिनै ल्होवाले गुरुङ थर लेख्ने गर्दछन् तापनि यिनीहरू कास्की, स्याङ्जालगायत जिल्लामा बसोवास गर्ने गुरुङ जस्ता नभई भिन्न प्रकारका हुन् जसलाई लावा वा लोपा पनि भनिएको पाइन्छ । थकाली समुदाय विशेष गरी तल्लो मुस्ताङ अर्थात् थाकखोलाको सेरोफेरोमा बसोवास गर्दछन् भने ल्होवा वा लोपा (गुरुङ) समुदायको बसोवास प्रायः माथिल्लो मुस्ताङमा नै रहेको छ । आआफ्नै भाषा, संस्कृति, रीतिरिवाज र परम्परा भएका यी दुवै समुदाय देशका अन्य भूभागमा समेत बसोवास गर्दछन् तापनि सांस्कृतिक प्रचलनका दृष्टिले भने मुस्ताङ

जिल्ला नै मुख्य रहेको छ । यस जिल्लामा अन्य जातजातिको समेत बसोवास भए तापनि पेसा वा व्यवसाय गर्ने उद्देश्यले त्यहाँ गई बसेकाले यिनलाई गैरस्थानीय बासिन्दा भन्नु उपयुक्त हुन्छ । यसैगरी कतिपय जातजातिको जनसङ्ख्या उपर्युक्त जातिसँग समान देखिए तापनि भाषा र सांस्कृतिक प्रचलन तथा लोकसाहित्यको लोकनृत्य विधा प्रचलनका दृष्टिले थकाली र ल्होवा नै मुख्य रूपमा स्थापित देखिन्छन् । यी समुदाय र यिनका सांस्कृतिक प्रचलन, रीतिरिवाज, परम्परा तथा लोकसाहित्य र यसमा पनि यी दुवै जातिका लोकनृत्यका बारेमा प्रासङ्गिक रूपमा सामान्य चर्चा गरिएको पाइए तापनि व्यवस्थित अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । त्यसैले प्रस्तुत आलेखमा मुस्ताङ जिल्लाका थकाली र ल्होवा गुरुङ समुदायमा केकस्ता विषयका लोकनृत्यहरू प्रचलित छन् र तिनको प्रस्तुति केकसरी र किन गरिन्छ भन्ने विषयलाई मूल जिज्ञासा बनाई यसको प्राज्ञिक समाधान गर्ने उद्देश्य लिइएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन क्षेत्रकार्य र पुस्तकालयीय कार्यबाट गरिएको छ । यस क्रममा २०७४ देखि २०७७ सालसम्मका विभिन्न पार्विक, धार्मिक तथा सामाजिक उत्सव वा महोत्सवका अवसरलाई उपयोग गरी अध्ययनीय नृत्यहरूको प्रस्तुति भइरहेकै अवस्थामा सङ्कलन गरिएको छ भने कतिपय नृत्यका लागि विद्युतीय सञ्चार माध्यमको समेत उपयोग गरिएको छ । स्थानीय सूचकका रूपमा रहेका तल्लो मुस्ताङका कुलबहादुर थकाली र माथिल्लो मुस्ताङका देवबहादुर ल्होवा गुरुङबाट प्राप्त लोकनृत्यको परिचयगत सूचनालाई यसमा उपयोग गरिएको छ भने नृत्यको सैद्धान्तिक परिचयका लागि पुस्तकालयीय कार्यबाट द्वितीयक स्रोतका सामग्रीलाई उपयोगमा ल्याइएको छ । यसरी लोकनृत्यको परिचय दिँदा कुन जातिका लोकनृत्य कुन बेला, केकसरी, किन र कसकसको सहभागितामा प्रस्तुत हुन्छ र त्यस्ता नृत्यहरू कुनकुन छन् भन्ने विषयलाई वर्णनात्मक र विवरणात्मक शैलीमा विवेचना गरी स्पष्ट पारिएको छ ।

## सैद्धान्तिक पर्याधार

लोकनृत्य शब्द ‘लोक’ र ‘नृत्य’ गरी दुई शब्दको मेलबाट बनेको छ । यसको व्युत्पत्तिगत अर्थ पहिल्याउँदा ‘नृत्य’ शब्द संस्कृतको ‘नृत्’ धातुमा ‘क्यप् (य)’ प्रत्यय लागेर बनेको हो जसको अर्थ नाच्नु, अभिनय गर्नु, हाउभाउ गर्नु, शरीरका अङ्गहरूलाई सुन्दर ढङ्गबाट प्रदर्शन गर्नु (आप्टे, सन् २००७, पृ. ५३५) आदि भन्ने हुन्छ । यसै नृत्य शब्दमा ‘लोक’ पूर्वसर्ग लागेर ‘लोकनृत्य’ शब्द बन्दछ । यसले लोकले प्रदर्शन गर्ने उपर्युक्त किसिमको भाव वा लोकले प्रदर्शन गर्ने नृत्यमूलक अभिनय भन्ने बुझाउँछ । यसलाई नेपाली बृहत् शब्दकोशमा “लोकजीवनमा प्रचलित सांस्कृतिक परम्परा तथा परिपाटी अनुसारको नाच, लोकनाच (जस्तै : घाटुनाच, धाननाच, मारूनी नाच इत्यादि)” नृत्य र “कुनै घटना वा पक्षको सिङ्गो कथानक नलिई लोकजीवनका सुखदुःख, राष्ट्रिय मेलापर्व वा कुनै ऋतुकालीन सन्दर्भलाई अँगालेर रीतिरिवाज अनुसार जनसाधारणमा खेलिने वा देखाइने अभिनय, लोकनृत्य वा लोकनाच” (पोखरेल, २०७५, पृ. ११२१) भनेर अर्थ्याइएको पाइन्छ । कतिपय लोकनृत्यलाई नृत्यगीत (जैन, सन् १९९९, ५०४), लोकगीत (न्यौपाने, २०६७, पृ. ८९–१०३) र लोकनाच (न्यौपाने, २०६८, पृ. ७६) पनि भनिएको पाइन्छ । यसरी लोकनृत्यकै पर्यायवाची शब्दका रूपमा ‘लोकनाच’ पनि प्रचलनमा रहेको भेटिन्छ । लोकनाच लोकनाटकको पर्याय हो । त्यसैले लोकसाहित्यका सन्दर्भमा लोकनाच, लोकनाटक र लोकनृत्य शब्द समानार्थी देखिन्छन् । आफ्ना आस्था, विश्वास, व्यवहार तथा परम्परा र चरित्रनायकको हाउभाउ गर्दै कथोपकथनका साथ

सामूहिक रूपमा लोकसमुदायमा प्रस्तुत गरिन्छ तब त्यो लोकनाटक कहलाउँछ (लामिछाने, २०७७, पृ. ३४६) । कुनै विशेष शृङ्गार र मञ्चविना नै पनि कुनै रोचक कथा वा घटनालाई कथोपकथनका माध्यमबाट व्यक्त गरी लोकलाई मनोरञ्जन र लोकोपदेश प्रदान गर्दछ (अग्रवाल, सन् २००९, पृ. १५९) भने त्यही लोकनृत्य हुन्छ । यसरी लोकनृत्यमा गीत र आख्यान हुन पनि सक्छ, नहुन पनि सक्छ । त्यसैले लोकनृत्य गीतरहित वाद्यवादनका तालमा मात्र, गीतसहित तर वाद्यवादनरहित, आख्यानसहित र आख्यानरहित गरी विविध प्रकारका हुन सक्दछन् । यी सबै नृत्य नै हुन् । यसरी समग्रमा लोकनाच, लोकनृत्य र लोकनाट्य वा लोकनाटक समानार्थी शब्द हुन् (शर्मा, २०७७, पृ. ८) भन्ने देखिन्छ । लोकनृत्य र लोकनाटक वा लोकनाचमा अभिनयात्मकता हुनु यिनको वैशिष्ट्य हो ।

लोकनृत्य र शास्त्रीय नृत्यमा पनि भिन्नता पाइन्छ 'गुरु परम्पराबाट विकसित भएका र मानव मनका आन्तरिक मनोभावनालाई व्यक्त गर्ने विभिन्न अङ्गमुद्रासहितको शरीरको चाल नै नृत्य हो भने सङ्गीतको तालमा अङ्गमुद्रासहित गरिने नृत्य शास्त्रीय नृत्य हो जसमा गायक, वादक र नर्तकहरूमा शास्त्रीय सङ्गीत र अभिनयको ज्ञान हुनु पर्दछ' (पराजुली, २०६३, पृ. ७) भन्ने भनाइबाट शास्त्रीय नृत्य र लोकनृत्यका बिचको भिन्नतालाई दर्शाउँछ । यस्ता नृत्यका विषयवस्तु र प्रस्तुतिशैलीमा सम्बन्धित जाति, भाषा, संस्कृति, भूगोल र प्रस्तुतिको अवसरले पनि प्रभाव पारेको हुन्छ । यिनै कुरालाई मध्यनजर गर्दै यस आलेखमा अध्ययनीय क्षेत्र र जातिमा प्रचलित तथा क्षेत्रकार्यबाट सङ्कलित प्रत्येक नृत्यको व्युत्पत्तिगत अर्थ, त्यसको प्रस्तुतिको अवसर र शैली तथा उक्त नृत्यका बारेमा रहेको स्थानीय जनविश्वासका बारेमा चर्चा गरिएको छ ।

## मुस्ताङ जिल्लाको जनसाङ्ख्यिक अवस्था र लोकनृत्यसँग तिनको सम्बन्ध

मुस्ताङ जिल्लामा विभिन्न भाषाभाषी, सांस्कृतिक परम्परा तथा रीतिरिवाज भएका समुदायको बसोवास रहेको छ । यति हुँदाहुँदै पनि किन यहाँ थकाली र ल्होवा समुदायमा मात्र लोकनृत्यहरू प्रचलित छन् त भन्ने विषयलाई तल दिइएको निम्नलिखित जनसाङ्ख्यिक तालिकाबाट स्पष्ट्याइएको छ :

मुस्ताङको जनसाङ्ख्यिक अवस्था

| क्र.सं. | जातजाति | जनसङ्ख्या | क्र.सं. | जातजाति | जनसङ्ख्या | क्र.सं. | जातजाति | जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | ल्होवा/गुरुङ | २८८५ | ८ | बाहुन | ४९४ | १५ | सार्की | ८० |
| २ | थकाली | २५३५ | ९ | तमाङ (ल्होवा) | ३०४ | १६ | भोटे | ६८ |
| ३ | ल्होवा/लोपा | २५१२ | १० | नेवार | १३२ | १७ | थारु | ६५ |
| ४ | मगर | ११२३ | ११ | ल्होवा ठकुरी | १२१ | १८ | अन्य दलित | ५९ |
| ५ | कामी | १०८५ | १२ | राई | १०३ | १९ | बादी | ४२ |
| ६ | क्षत्री | ९६० | १३ | शेर्पा | १०० | २० | लिम्बु | १८ |
| ७ | दमाई/ढोली | ५४५ | १४ | छन्त्याल | ८६ | २१ | दशनामी/सन्यासी | १४ |
| जम्माजम्मी १३,४५२ | | | | | | | | |

(स्रोत : राष्ट्रिय जनगणना २०६८/०६९ अद्यावधिक २०७६)

तालिकामा दिइएको जनसाङ्ख्यिक विवरणबाट मुस्ताङ जिल्लामा विभिन्न २१ प्रकारका जातजातिको बसोवास रहेको तथ्याङ्क पाइए तापनि कतिपय पेसा-व्यवसाय गर्ने उद्देश्यले

अन्यत्रबाट गई छरिएर बसेकाले यिनीहरूका कुनै नाच नृत्यहरू यहाँ भेटिँदैनन्। तालिकाको क्रमसंख्या १, २, ३, ५, ९, ११, १२, १३, मा उल्लिखित जातजातिको नाम जेसुकै भए तापनि यिनीहरू थकाली र ल्होवा समुदायसँग नै सम्बन्धित रहेका छन् र यहाँ उल्लिखित कामी पनि सबै आर्य समुदायका नभएर ल्होवा समुदायका हुन् भन्ने स्थानीय सूचक देवबहादुर ल्होवा गुरुङको रहेको छ। यिनीहरूले गुरुङ लगायतका विभिन्न थर पनि लेख्ने गर्दछन्। त्यसैले सांस्कृतिक सम्पन्नता र भाषा प्रयोगका दृष्टिले थकाली र ल्होवा नै यहाँका मुख्य समुदाय हुन् र यिनै समुदायमा प्रचलित नाचनृत्यहरू मात्र पाइएका छन्।

भौगोलिक हिसाबले मुस्ताङ जिल्ला तल्लो, बिच र उपल्लो गरी तिन भागमा विभाजित छ। जोमसोमदेखि तलको क्षेत्रलाई तल्लो भाग भनिन्छ जहाँ तिनगाउँले, सात गाउँले र मार्फाली थकालीहरू बसोवास गर्दछन्। तिनगाउँले थकालीहरू ठिनी, स्याङ र चिमाङ गरी तिनगाउँमा मात्र सीमित रहेका छन् र यिनीहरूले कुनै जात नलेखी थकाली मात्र लेख्ने गर्दछन्। मार्फाली थकालीहरू मार्फा गाउँमा मात्र रहेका छन् जसअन्तर्गत हिराचन, पन्नाचन, लालचन र ज्वारचन थर पर्दछन्। यसैगरी टुकुचेदेखि तल बसोवास गर्ने थकालीहरू सेरचन, भट्टचन, गौचन र तुलाचन पर्दछन्। बिचभाग मुक्तिनाथ क्षेत्र (बारगाउँ मुक्तिक्षेत्र गा.पा.) पर्दछ जसलाई स्थानीय भाषामा 'बारगुङ' भन्ने गरिन्छ। 'बार' भनेको गाउँ र 'गुङ' भनेको बिच भाग अर्थात् जिल्लाको बिच भाग वा मुक्तिनाथ क्षेत्र भन्ने हुन्छ। यहाँ बसोवास गर्ने समुदायलाई 'बारगुङ्गपा' भनिन्छ। यस ठाउँमा ठकुरी (आर्यन ठकुरी नभएर स्थानीय समुदायकै ठकुरी हुन्), ल्होवा (गुरुङ थर लेख्ने तर हामीले चिन्दै आएका स्याङ्जा, कास्की, लमजुङ, पर्वत जिल्लामा बसोवास गर्ने गुरुङ नभई स्थानीय भोटे वा लामा भनिने समुदाय हुन्) र दलित (दलित पनि आर्यमा भनिँदै आइएका दलित नभई त्यहीँको समुदायका हुन्) समुदायको बसोवास रहेको छ। उपल्लो मुस्ताङअन्तर्गत मुक्तिनाथ क्षेत्रदेखि माथिल्लो भाग अर्थात् 'ल्हो' र 'च्छोद्धुन' क्षेत्र पर्दछन् जसको सीमाना तिब्बतसँग जोडिएको छ। स्थानीय भाषामा 'च्छो' भनेको क्षेत्र र 'द्धुन' भनेको सात हो। यसअन्तर्गत पनि 'च्छोसेर' (पूर्वी क्षेत्र,) 'च्छोनुप' (पश्चिम क्षेत्र) तथा चरङ, याराघारा, ताङ्गे, डाक्मा, गमी र गिलिङ गाउँ पर्दछन् जसमा हालको स्थानीय तहको संरचना अनुसार ल्होगेगर, दामोदर कुण्ड र लोमान्थाङ गा. पा. हरू पर्दछन्। यहाँ बसोवास गर्ने समुदायअन्तर्गत 'कुतक' (ठुलो भनिने जात), फावा (बिचको जात) र गरसिम्बा (तल्लो जात) को बसोवास रहेको छ। यी तिनै जात मिलेर 'ल्होवा' बन्दछ। यिनीहरूले बोल्ने भाषा पनि 'ल्होवा' नै हो जुन तिब्बती भाषासँग मिल्दोजुल्दो छ र यिनीहरूको संस्कृति पनि तिब्बतीसँग मिल्दोजुल्दो रहेको छ। संस्कृतिअन्तर्गत यिनीहरूले मनाउने चाडपर्व पनि पर्दछन्। तिनै पर्वका अवसरमा नृत्य गर्ने प्रचलन रहिआएको छ। तिनै लोकनृत्यका बारेमा क्रमशः चर्चा गरिन्छ :

छायाँचित्र १, तोरन्ल पर्वका अवसरमा गायनसहित तारो हान्ने खेल खेल्दै थकाली समुदाय



## तल्लो मुस्ताङका थकाली समुदायमा प्रचलित लोकनृत्यहरू

तल्लो मुस्ताङ अर्थात् थाकखोला र मार्फाली थकाली समुदायमा 'टिङ्ला वा फावा' पर्व र 'थाला' पर्व मनाउने प्रचलन छ। यी पर्वका अवसरमा प्रस्तुत गरिने नृत्यका बारेमा क्रमशः चर्चा गरिन्छ :

**तिन गाउँले थकाली समुदायको त्युङ्ला तोरन्ल र तेरमी पर्वका अवसरमा प्रस्तुत गरिने नृत्यहरू**

मुस्ताङ जिल्लाका तिनगाउँले थकालीहरूको आफनो छुट्टै पहिचान रहेको छ। यिनीहरूको आफनो छुट्टै नाममा प्रत्येक वर्षका १२ ओटा महिनाको नाम रहेको छ। त्युङ्ला महिनाको पूर्णिमाको दिनलाई त्युङ्ला पर्वका रूपमा मान्ने प्रचलन रहिआएको छ। यस अवसरमा पितृहरूलाई सम्झेर तिन दिनसम्म विभिन्न खाद्यपरिकार बनाई चढाउने गरिन्छ। पूर्णिमाको अघिल्लो दिन तारो थाप्ने (आरचरी खेलको लागि तारो, स्थानीय भाषामा ता भनिन्छ) प्रचलन छ। यसै क्रममा थकाली वेशभूषा र गच्छे अनुसारका गरगहनामा सजिएका महिलाहरू गोलघेरामा उभिई एकअर्कासँग हातेमालेका साथ गीत गाउँदै र हात समातेर घुम्दै अनि हात माथि उठाउने, तल झार्ने जस्ता अभिनयसहित मादल, चाँप र मुरली वाद्यवादनका साथ लास्यशैलीमा–

छायाँचित्र २, ७६औं वार्षिक दिवसका अवसरमा पोखरामा मार्फा थकाली समाजद्वारा आयोजित तोरन्ल पर्वमा नृत्य गर्दै



‘आयो त्युङ्ला’ र स्याहा ज्यामा ज्यामा दिन ज्यामा ज्यामा ल्ह चुङनी ल्हमा सोम्रातन ब्रीवा त्युङलाय गेवा ज्योङखचे सुङसी ज्योङखचे न्हाङय त्युङला (अर्थात् दिन गन्दा गन्दा १२ महिनामा तीन दिन मनाउने आइपुग्यो हाम्रो चाड) भनेर गाउँदै नृत्य गर्ने गर्दछन्। यसका साथै तिन दिनसम्म बिहान उठी पितृलाई चोखो पानी चढाएर बत्ती बाली विभिन्न परिकार बनाएर आफना पितृहरूको नाम लिने अनि चढाउने प्रचलन छ (शर्मा, २०७७, पृ. १६८। यसैगरी १५ दिनसम्म तीर तथा आरचरी खेल खेलिन्छ।

छायाँचित्र ३, मुस्ताङको मार्फामा थकाली समाजद्वारा आयोजित तोरन्ल नृत्य



‘तोरन्ल’ र ‘तेरमी’ पर्व ‘चन’ अर्थात् सेरचन, गौचन, हिराचन, तुलाचन, पन्नाचन, लालचन, जुवारचन थर लेख्ने थकालीले फागुपूर्णिमाका अवसरमा आफ्ना पितृहरूलाई सम्झेर मनाउने गर्दछन्। त्यसैले यस पर्वलाई पितृहरूको सम्झना गरिने महिना वा पर्व भनेर पनि चिन्ने गरिन्छ। यसलाई कतै कतै आर्चरी (तीर हान्नु) समेत भन्ने गरिन्छ तापनि तोरन्ल र टिङ्लाको खास अर्थ भने छैन। खासमा ‘त्युङ्ला’ थकाली समुदायले प्रयोग गर्ने महिनाको नाम हो र यसैको नाममा पर्वको नाम राखिएको हो। यो पर्व एक वर्ष आर्यको होलीका दिनमा पर्छ भने अर्को वर्ष फरक समयमा पर्दछ। यस पर्वमा आफ्ना र आफन्तमा मरेका पितृहरूलाई चढाउनका लागि भनेर चेलीबेटीद्वारा आफ्नै घरमा तयार पारिएका सेल रोटी, मासु, रक्सी फलफूल आदि मिठामिठा परिकारहरू आफ्नो माइती घरमा पुऱ्याउने प्रचलन छ। सो परिकारलाई माइती पक्षले पितृहरूको

एकएक गरी नाम लिएर सम्भिँदै चढाउने गर्दछन् । यो पर्व सात दिनसम्म तारो हान्दै तथा स्थानीय र आफ्ना कुलदेवताको नाम लिँदै 'तपाइँ आइपुग्नु भयो' भनेर गीत गाउँदै नृत्य गरेर मनाइने गरिन्छ । तर प्रत्येक दिन मनाउने तरिका फरकफरक हुन्छ । यिनीहरू तारो चढाउने कार्यलाई 'तारा मान्ने' भन्ने गर्दछन् । यसको सातौा दिनमा तिन गाउँले थकाली महिलाहरूले आफ्नो घरमा लक्ष्मी आएर बास गरून् भन्ने उद्देश्यले राम्रो पहिरनमा सजिएर पूरै खेत डुल्दै र नृत्यका साथ गीतमा नै स्थानीय देवताको पुकारा गर्दै हिँड्दछन् जसलाई स्थानीय भाषामा 'याङढम्पा' (लक्ष्मीको आह्वान्) भनिन्छ र यसै शब्दको अपभ्रंश भई 'याङ्घम्बा' पनि भन्ने गरिएको भेटिन्छ । यो परम्परा युगौदेखि चलिआएको छ । यस बेला गाइने गीत थकाली भाषामा नै रचिएको हुन्छ । यिनीहरूले प्रदर्शन गर्ने तीर हान्ने खेलले यिनीहरू युद्धप्रति मोह भएका समुदाय हुन् भनेर चिनाउन सहज हुन्छ । छायाँचित्र १, २ र ३ बाट यसबेला गरिने नृत्यका बारेमा जानकारी पाउन सकिन्छ ।

## 'फाला' पर्वका अवसरमा प्रस्तुत गरिने नृत्य

छायाँचित्र ४, फाला पर्वको जात्रामा गायन र नृत्य गर्दै प्रस्तोताहरू



'फाला' भनेको गाईजात्रा प्रकारको नृत्य हो । यसमा मानिस याक (गाई) बनेर नृत्य गर्ने गर्दछन् । यो पर्व भदौमा पर्छ । यसलाई स्थानीय भाषामा 'फावा' भन्दछन् । यो पर्व पनि सातदिनसम्म मनाउने गरिन्छ । यस पर्वको पहिलो दिन याक अर्थात् मानिसले चौरी गाई वा गोरुको नक्कल गर्दै तिनैलाई प्रतिनिधित्व गर्ने प्रकारको वेशभूषामा सजिई नृत्य गर्दछन् । यसै दिन विभिन्न नृत्यका साथ जात्रा पनि निकालिन्छ । यस पर्वको दोस्रो दिन जोगी नृत्य निकालिन्छ । यस बेला मानिस जोगीको वेशमा सजिई विभिन्न गीतका साथ नृत्य गर्ने गर्दछन् । यस नृत्यले बाग्लुङ जिल्लामा प्रचलित जोगी नृत्यको पनि भल्को दिन्छ । यसमा 'तमास्या' (पुरुष) ले जामा प्रकारको महिलाको वस्त्र पहिरी नृत्य गर्दछन् । तेस्रो दिन स्थानीय महिला र पुरुष मिली भाँक्री (लामा) वेशमा सजिएर विभिन्न अभिनय र गीतका साथ नृत्य प्रस्तुत गर्दछन् । सामान्यतः तोरन्ल र फाला पर्वका नृत्यमा उनै व्यक्तिहरू नै वाद्यवादक, गायक र नर्तक रहने गरेको पाइन्छ । यस नृत्यमा गाइने गीत स्थानीय थकाली भाषामा नै रचिएको हुन्छ । छायाँचित्र ४ बाट फाला पर्वको नृत्यका बारेमा जानकारी पाउन सकिन्छ ।

## देवीनृत्य

मुस्ताङ जिल्लाको घरपजोङ गाउँपालिकाअन्तर्गत वार्ड नं १, ३ र ५ मा पर्ने थिनी, स्याङ र सिमाङ गाउँमा प्रत्येक १२ वर्षमा एकपटक देवीको मेला लाग्ने गर्दछ । त्यसैबेला परम्परित रूपमा देवीका रूपमा मानिँदै आइएकी 'भोमा' को दर्शन पनि सर्वसाधारणले गर्छन् । यसैबेला विभिन्न थरिका गानबजान र नाचनृत्य पनि हुने गर्दछ । यो मेला एक महिनासम्म लाग्ने गर्दछ । यस अवसरमा गाइने गीतहरू धेरैजसो थकाली र कताकति नेपाली भाषाका पनि रहेका हुन्छन् । यस बेला देखाइने नृत्य छायाँचित्र ५ मा दिइएको छ जसबाट देवीनृत्यका बारेमा जानकारी पाउन सकिन्छ ।

छायाँचित्र ५, बाह्रवर्षे मेलाका अवसरमा मुस्ताङमा आयोजित थकाली समुदायको देवीनृत्य



## ठिनी गाउँका थकाली समुदायमा प्रचलित नृत्य

मुस्ताङ जिल्लाअन्तर्गत ठिनी गाउँका थकालीहरूको संस्कृति र परम्परा अन्य थकालीको भन्दा भिन्न प्रकारको रहेको देखिन्छ। ठिनी तल्लो मुस्ताङअन्तर्गत पर्ने ठाउँ विशेष र यसै ठाउँमा बसोवास गर्ने जाति विशेषसँग सम्बन्धित रहेको छ। यो जाति छिटपुट रूपमा उपल्लो मुस्ताङमा समेत बसोवास गरेको पाइन्छ। यस समुदायले पनि ल्होसार लगायतका चाडपर्व मनाउने क्रममा र विभिन्न संस्कारका अवसरमा गायन र वाद्यवादनसहितको नृत्य प्रस्तुत गर्ने परम्परा रहिआएको छ। यसै नृत्यलाई नै ठिनी गाउँको नृत्य भन्ने गरिन्छ। यसअन्तर्गत पनि विभिन्न विषयवस्तुयुक्त नृत्य पर्दछन्। तर आख्यानबद्ध नृत्य भने यस समुदायमा अभाव रहेको छ।

छायाँचित्र ६, तोरन्ल पर्वमा बाद्यवादनसहित नृत्य गर्दै स्थानीय प्रस्तोताहरू



## उपल्लो मुस्ताङका 'ल्होवा' समुदायमा प्रचलित लोकनृत्यहरू

उपल्लो मुस्ताङलाई स्थानीय भाषामा 'ल्होच्छोद्धुन' भनिन्छ भने यहाँका बासिन्दालाई 'ल्होवा' भनिन्छ। यिनीहरूलाई गाउँघरमा भोटे वा लामा भन्ने प्रचलन पनि छ। चीनको स्वशासित क्षेत्र तिब्बत वा भोटको वेशभूषा र संस्कारको अनुशरण गर्ने भएकाले भोटे र अन्य समुदायका तुलनामा लामा झाँक्रीमा बढी विश्वास गर्ने भएकाले लामा भन्ने गरिएको हुनु पर्दछ। तर यिनीहरू आफूलाई 'ल्होवा' बाहेक अरू शब्दले सम्बोधन गरेको रुचाउँदैनन्। यस समुदायले तल्लो मुस्ताङका भन्दा भिन्न चाडपर्व मनाउने र तिनै पर्वका अवसरमा विभिन्न नृत्यहरू प्रस्तुत गर्ने प्रचलन रहिआएको छ। ती नृत्यका बारेमा क्रमशः चर्चा गरिन्छ :

छायाँचित्र ७, सोनम ल्होसारका अवसरमा नृत्य प्रस्तुत गर्दै ल्होवा समुदायका युवतीहरू



### 'सोनम ल्होसार' पर्वका अवसरमा प्रस्तुत गरिने नृत्य

छायाँचित्र ८, यार्तुङ पर्वमा घोडा जात्रा निकाल्दै लोमान्थाङका स्थानीय



ल्होवा समुदायले मनाउने चाडपर्वअन्तर्गत 'छेगो' (सोनम ल्होसार अर्थात् नयाँ वर्ष) महत्त्वपूर्ण पर्व हो । उनीहरू यस पर्वलाई हर्सोल्लासका साथ मनाउने गर्दछन् । 'सोनम' भन्नाले कृषिसँग सम्बन्धित पर्व वा किसानले मान्ने पर्व भन्ने हुन्छ । यहीँका राजाले मान्ने 'ल्होसार' भने सोनम ल्होसारको ठिक एक महिनापछि पर्छ जसलाई 'ग्याल्वो ल्होसार' भनिन्छ । सोनम ल्होसार पर्व तिनदिनसम्म मनाइन्छ । यो पर्व सामान्यतः माघ १ गतेदेखि सुरु हुने परम्परा भए पनि कहिले पुष मसान्ततिर र कहिले माघको १०/१२ गतेतिर वा कहिले माघ मसान्ततिर पनि पर्न सक्दछ । ल्होवा समुदायको आफ्नै पात्रो छ र त्यस अनुसार यसको मिति निर्धारण गरिन्छ । उपल्लो मुस्ताङमा माघदेखि मात्र खेतीपातीको काम सुरु हुने भएकाले यसलाई नै नयाँ वर्ष मानिएको हो । राजाले केही काम नगर्ने भएकाले उनले खेतीपाती सकिएपछि मात्र ल्होसार मनाउने गर्दछन् भन्ने स्थानीय देवबहादुर ल्होवा गुरुङको भनाइ रहेको छ । यस पर्वका अवसरमा महिला र पुरुष मिलेर विभिन्न नृत्य गर्ने गर्दछन् । छायाँचित्र ७ मा यस पर्वका अवसरमा गरिने नृत्यको तस्वीर दिइएको छ ।

### 'यार्तुङ' नृत्य

छायाँचित्र ९, जात्रापछि नृत्य प्रस्तुत गर्दै स्थानीय



'यार्तुङ' नृत्य यार्तुङ पर्वसँग सम्बिन्धित छ । 'यार्तुङ' को अर्थ घोडा दौडको जात्रा भन्ने हुन्छ । यो पर्व फागुपूर्णिमा र जनै पूर्णिमाका बेला मुक्तिनाथ मन्दिरमा जात्रा लागेका बेलामा गरी वर्षमा दुईपटक मनाइन्छ र त्यसैबेला नृत्य पनि प्रस्तुत गरिन्छ । उपल्लो मुस्ताङका बारगुङ क्षेत्रका ल्होवा समुदायले मनाउने पर्व नै यार्तुङ पर्व हो र यस अवसरमा प्रस्तुत गरिने नृत्यलाई यार्तुङ नृत्य भनिन्छ । यस जात्राको उद्देश्य फागुपूर्णिमामा अबदेखि मुक्तिनाथको दर्शन गर्न आउन अनुकूल समय भएकाले आउनु है भनेर सबैलाई निमन्त्रणा दिनु हो भने जनै पूर्णिमाका अवसरमा लाग्नुको उद्देश्य अब यहाँ हिउँ जम्छ त्यसैले ख्याल गरेर आउनु है भनेर सन्देश दिनु रहेको देखिन्छ । यस अवसरमा ल्होवा (लामा) समुदायको नेतृत्वमा सबै जातजातिको जात्रा निकालिन्छ र त्यसै अवसरमा नृत्य पनि गरिन्छ । यस नृत्यमा परम्परित वेशभूषामा सजिएका ल्होवा समुदायका व्यक्तिहरूले आफ्नो जातीय प्रचलनमा रहेको वाद्यवादन सामग्री बजाउँदै र गीत गाउँदै अगाडि बढ्छन् भने अन्य सहभागीले उनैको अनुकरण गर्दै र गीत छोप्दै पछ्याई रहेका हुन्छन् । यस

नृत्यमा यहाँका थकाली समुदायसमेत सहभागी हुने भए पनि लामा नै यसका अगुवाका रूपमा रहेका हुन्छन् । यस पर्वमा यहाँका राजा पनि सहभागी हुने गर्दछन् । काठमाडौँको घोडे जात्रा जस्तै पर्वका रूपमा यसलाई लिन सकिन्छ । तर मनाउने तरिका भने केही फरक रहेको छ । ढोलक, झ्याली र उक्त समुदायले बजाउने सहनाई आकारको बाजा यस नृत्यमा प्रयोग गरिएको हुन्छ । टोलबाट निस्किँदा पनि सबै जम्मा भएर यसरी नै वाद्यवादनसहित नृत्य गर्दै मन्दिरसम्म पुग्ने गर्दछन् । गीत सम्बन्धित समुदायले बोल्ने स्थानीय भाषामा नै प्रस्तुत गरिन्छ । छायाँचित्र ८ र ९ मा दिइएको यस नृत्यको छायाँचित्रबाट पनि यस नृत्यका बारेमा जानकारी पाउन सकिन्छ ।

## तिजी नृत्य

तिजी विशेष गरी उपल्लो मुस्ताङका ल्होवा समुदायले मनाउने पर्व विशेषको नाम हो । यसै अवसरमा प्रस्तुत गरिने नृत्यलाई 'तिजी नृत्य' भन्ने गरिन्छ । 'तिजी' स्थानीय भाषाको संक्षेपीकृत नाम हो र यसको पुरा नाम 'तेन्जिङ छुल्डिम' हो । 'तेन्जिङ' को अर्थ परम्परादेखि चलिआएको र 'छुल्डिम' को अर्थ संरक्षण गर्नु हुन्छ । अर्थात् परम्परादेखि चलिआएका सांस्कृतिक परम्पराको संरक्षण गर्ने पर्व नै तिजी पर्व हो भन्ने देखिन्छ । उपल्लो मुस्ताङका सात गाउँले ल्होवा समुदायले मात्र मनाउने यो पर्व फागुपूर्णिमाका बेलामा पर्दछ । त्यसैले यसलाई 'फाग' पनि भन्ने गरिन्छ । आजकल भने यस पर्व र यस पर्वका अवसरमा गरिने नृत्य प्रस्तुतिका लागि मुस्ताङका सम्पूर्ण जातजातिले सहभागिता जनाउने गरेको पाइन्छ ।

छायाँचित्र १०, तिजी नृत्य प्रस्तुत गर्दै उपल्लो मुस्ताङ लोमान्थाङका प्रस्तोता



छायाँचित्र ११, तिजी पर्वमा नृत्य प्रस्तुत गर्दै प्रस्तोताहरू



छायाँचित्र १२, तिजी नृत्यमा वाद्यवादन गर्दै ल्होवा समुदायका वाद्यवादकहरू



तिजीलाई नेवार समुदायमा प्रचलित लाखे नृत्य जस्तै एक प्रकारको लाखे नृत्य पनि भन्न सकिन्छ । तर नेवार समुदायमा जस्तो लाखे भने बन्दैनन् र नृत्य पनि फरक शैलीको हुन्छ जुन छायाँचित्र ११ र १२ मा दिइएको छ । गाउँघरमा कसैलाई भूत प्रेत नलागोस् र वर्षभरि अनिष्ट नपरोस् भनेर यो तिजी नृत्य प्रस्तुत गर्ने गरिन्छ । यस नृत्यको मुस्ताङ्गी राजाले समेत श्रीपेच पहिरेर अवलोकन गर्छन् । यसमा गाइने गीत स्थानीय ल्होवा भाषामा नै रहेको हुन्छ ।

यसमा ढोलक र झ्याली बाजाको प्रयोग गरिन्छ । महिला र पुरुष समान रूपमा सहभागी हुने यस नृत्यको प्रस्तुति आफ्नो जातीय वेशभूषा पहिरेर गुम्बा वा खुला चौर वा आँगनमा गरिन्छ । महिला र पुरुषको छुट्टाछुट्टै समूह भएर पनि यो नृत्य प्रस्तुत गर्न सकिन्छ भने पुरुष समूहले बजाउने र महिला समूहले नृत्य प्रस्तुत गर्ने गर्न पनि सकिन्छ । यसअन्तर्गत धेरै प्रकारका नृत्यहरू प्रस्तुत गर्ने प्रचलन छ । यस्ता नृत्यअन्तर्गत के के र कसरी प्रस्तुत गर्ने अनि नृत्य कार्यक्रममा कतिबेला प्रस्तुत गर्ने भन्ने कुरा लामाको निर्णयमा निर्भर रहने गर्दछ । लामाले क्रमशः आफ्नो धार्मिक ग्रन्थ वाचन गर्दै र नृत्य प्रस्तोतालाई निर्देशन दिँदै जान्छन् भने प्रस्तोताले पनि उनको आदेश अनुसार नै नृत्य प्रस्तुत गर्दै जान्छन् । यस नृत्यमा लामा स्वयं पनि वाद्यवादक र नर्तक रहेका हुन्छन् । यसैबेला कतिपयले तिब्बतियन नृत्य पनि प्रस्तुत गर्ने गरेको देख्न पाइन्छ । यस नृत्यमा पहिला गीत झिकिसकेपछि त्यसै गीतलाई बाजाका तालमा वाद्यवादकले दोहोऱ्याउने र त्यसै अनुसार महिला वा पुरुष प्रस्तोता वा दुवैको संयुक्त समूहले नृत्य गर्ने गर्दछन् । यसमा उमेरको भने कुनै पाबन्दी रहँदैन । यस नृत्यमा बजाइने वाद्यवादन सामग्रीमा ढोलक, सहनाइ, झ्याली र शङ्ख रहने गर्दछन् । यसै बेला मुखुण्डो पहिरेर सामूहिक नृत्य पनि प्रस्तुत गरिन्छ । यस नृत्यमा सहयोगीका रूपमा तिन जना लामाहरू पनि परम्परागत पहिरनमा ढयाङ्गो र झ्याली बाजा बजाउँदै मूल नर्तकलाई सहयोग गर्दै नाच्दछन् । फराकिलो ठाउँ वा गुम्बाको आँगन परिसरमा चार दिशामा चार नर्तक लामाहरू रहन्छन् र वाद्यका तालमा वरपर घुम्दै अभिनय गर्दछन् । अनिष्ट निवारण गर्न, रोगव्याधिबाट मुक्ति प्राप्त गर्न र सबैको कल्याणको कामना गर्न यस नृत्यको आयोजना गरिन्छ ।

## माह्ने नृत्य

उपल्लो मुस्ताङमा प्रचलित नृत्यमध्ये 'माह्ने' नृत्य पनि एक हो । यो नृत्य मुस्ताङका बौद्ध धर्म अनुयायी ल्होवा समुदायसँग सम्बन्धित रहेको छ । लामाहरू बुद्ध धर्मावलम्बी भएकाले यिनीहरूको नृत्यमा समेत उक्त धर्मको प्रभाव पर्नु स्वाभाविक हो । तल्लो मुस्ताङका तुलनामा माथिल्लो मुस्ताङमा अत्यधिक जाडो हुने भएकाले त्यहाँ वेशभूषासमेत बाक्ला र भिन्न प्रकारका पहिरिने प्रचलन रहेकाले लोकनृत्यको प्रस्तुति गर्दा पनि तिनै वेशभूषा पहिरिने गर्दछन् । डफला वा डम्फु, ढोलक, ढयाङ्ग्रो, झ्याली, लावा (सहनाइ आकारको बाजा) आदि यस नृत्यका मुख्य वाद्यवादन सामग्री हुन् । विद्वान्हरूले ल्होवा समुदायलाई लावा र माने नृत्यलाई मानिरिम्दु नृत्य (पराजुली, २०६३, पृ.१८०) भन्दै यसको प्रस्तुतिका बारेमा विभिन्न विचार व्यक्त गरेको पाइन्छ । तर यहाँ

छायाँचित्र १३, उपल्लो मुस्ताङको रानीपौवामा आयोजित ल्होवा समुदायको माह्ने नृत्यमा वाद्यवादन गर्दै



छायाँचित्र १४, माह्ने नृत्य प्रस्तुत गर्दै उपल्लो मुस्ताङका ल्होवा समुदाय



लावा जाति र मानिरिम्दु नामको कुनै नृत्य छैन र यस बारेमा व्यक्त विचार पनि असङ्गत छन् भन्ने उपल्लो मुस्ताङका लोमान्थाङ निवासी देवबहादुर गुरुङको छ। माह्ने वा माने नृत्य गण्डकी प्रदेशमै पर्ने मनाङ जिल्लाका ल्होवा (जसले गुरुङ थर लेख्छन्) र कर्णाली प्रदेशका हिमाली भेगमा बसोवास गर्ने ल्होमी (लामा) समुदायमा समेत प्रचलित रहेको छ। यो नृत्य मुस्ताङका ल्होवा समुदायको नयाँ वर्ष अर्थात् सनम ल्होसार र ग्याल्वो ल्होसारका अवसरमा प्रस्तुत गरिन्छ। यसको गीत स्थानीय ल्होवा भाषामा रहेको हुन्छ जुन तिब्बती भाषासँग मिल्दोजुल्दो छ। यो आख्यानबद्ध गीत हो र यसका सृष्टिमा कुरा वर्णन गरिएको हुन्छ। तिन दिनसम्म प्रस्तुत गरिने यस नृत्यको कथा लामो आख्यानको रहेको छ। यसको प्रस्तुति स्थानीय ल्होवा समुदायले पहिरिने वेशभूषामा सजिएका महिला र पुरुषको समूह मिलेर अर्द्ध गोलाकारमा बसेर वा उठेर गायक टोलीले माने घुमाउँदै र विलम्बित लयमा गीत गाउँदै जाने र नृत्य समूहले हातमा हात समातेर ढोलक र झ्याली बाजाको तालमा क्रमशः घरि दायाँ–बायाँ अनि घरि गोलाकारमा घुम्दै गीतको लास्यबाट उत्ताल शैलीमा परिवर्तन हुँदै नाच्ने गर्दछन्। यस नृत्यमा ढ्याङ्ग्रो, झ्याली र लावा (तामाको बाजा) लाई वाद्यवादनका रूपमा प्रयोग गरिन्छ। यसमा वेशभूषाको कुनै पावन्दी नभए पनि स्थानीय वातावरण र जातीय प्रचलन अनुसारका पहिचान झल्किने न्याना वस्त्र र गच्छेअनुसारका गहना भने पहिरेका हुन्छन्। बुद्धको उपासना गर्ने क्रममा गुम्बाहरूमा विभिन्न मन्त्रहरू फलाक्तै फराकिलो ठाउँ वा गुम्बाको आँगन परिसरमा यो नृत्य प्रस्तुत गरिन्छ। त्यस्तै उसका सहयोगी तीन जना लामाहरू पनि परम्परागत पहिरनमा उनीसँगै नाच्छन् भने वाद्यवादक र गायकले गीतसँगै बाजा बजाएर ताल अनुसारको नृत्य गर्न सघाउँछन्। अनिष्ट निवारण गर्न, रोगव्याधिबाट मुक्ति प्राप्त गर्न र सबैको कल्याणको कामना गर्न यस नृत्यको आयोजना गरिन्छ। छायाँचित्र १३,१४,१५ र १६ मा यस नृत्य प्रस्तुतिका झलक दिइएको छ।

छायाँचित्र १५, माह्ने नृत्य प्रस्तुत गर्दै लोमान्थाङका ल्होवा समुदायका महिला वर्ग



छायाँचित्र १६ भिन्न गीतमा माने नृत्य प्रस्तुत गर्दै ल्होवा समुदाय



## मुखुण्डो नृत्य

उपल्लो मुस्ताङका ल्होवा समुदायमा मुखुण्डो नृत्य पनि प्रचलित छ। यो नृत्य तिजी पर्वकै बेलामा लामाको आज्ञा अनुसार प्रस्तुत गरिन्छ। यस नृत्यमा एकातिर वाद्यवादक समूहले स्थानीय प्रचलन अनुसारका र जातीय पहिचान झल्किने बाजाहरू बजाइरहेका हुन्छन् भने अर्कोतिर काठ वा प्लाष्टिकबाट निर्मित वा स्थानीय

छायाँचित्र १७ मुखुण्डो नृत्य प्रस्तुत गर्दै ल्होवा समुदाय



समुदायद्वारा निर्मित मुखुण्डो र नृत्यका लागि भनेर निर्धारण गरिएका वेशभूषा पहिरेर गोल घेरामा नृत्य गर्दछन् । यो नृत्य एकदम आकर्षक र हेर्न लायक हुन्छ । यस नृत्यको छायाँचित्र १७ मा दिइएको छ ।

चित्र नं १८ ग्याल्वो ल्होसारका अवसरमा नृत्य गर्दै उपल्लो मुस्ताङका ल्होवा समुदाय



## ग्याल्वो ल्होसारका अवसरमा प्रस्तुत गरिने नृत्य

उपल्लो मुस्ताङका ल्होवा समुदायमा ग्याल्वो ल्होसार मनाउने प्रचलन पनि छ । यो पर्व खेतीपाती लगाउने काम सकिएपछि मनाइन्छ । अर्थात् माघ १२ देखि मसान्तसम्म वा फागुनको सुरुमै पनि पर्न सक्दछ । सोनम ल्होसार किसान वर्गले नयाँ वर्षका रूपमा मनाउँछन् भने यहीँका राजामहाराजा वा राजखानदानी वर्गका व्यक्तिले सोनम ल्होसार सकिएको ठिक एक महिनापछि ग्याल्वो ल्होसार मनाउने गर्दछन् । उनीहरूले खेतीपाती नगर्ने भएकाले आरामको बेलामा यो पर्व मनाउँछन् भन्ने मान्यता रहि आएको छ । त्यसैले मुस्ताङका राजा स्वयं यस पर्वको उत्सवमा उपस्थित भएर अवलोकन गर्ने गर्दछन् । यस अवसरमा विभिन्न नृत्यहरू पनि प्रस्तुत गरिन्छ । यस अवसरमा गाइने गीत भने ल्होवा भाषामा नै रहेको हुन्छ । छायाँचित्र १८ मा यस नृत्यको छायाँचित्र दिइएको छ ।

## 'फाँगी' नृत्य

फाँगी नृत्य ग्याल्वो ल्होसारका अवसरमा राजाका लागि प्रदर्शन गरिने नृत्य हो । ल्होवा भाषामा फाँ र गी दुई ओटा शब्दको मेलबाट बनेको यस शब्दले फुर्सदको नृत्य भन्ने अर्थ प्रदान गर्दछ । आजकल भने पर्यटकलाई देखाउन र जातीय पहिचान झल्काउनका लागि मात्र सार्वजनिक समारोहका अवसरमा यो नृत्य प्रस्तुत हुने गरेको छ । यस नृत्यको छायाँचित्र १९ मा दिइएको छ । यसबाट पनि नृत्यको शैलीका बारेमा जानकारी प्राप्त हुन्छ ।

छायाँचित्र १९ फाँगी नृत्य प्रस्तुत गर्दै प्रस्तोता



स्रोत : नारायणप्रसाद पौडेल, वडा कर्मचारी, घरपजोङ गा.पा. १

## निष्कर्ष

प्रस्तुत अध्ययनबाट गण्डकी प्रदेशको हिमाली भेगमा पर्ने मुस्ताङ जिल्लामा विभिन्न जातजातिको बसोवास भए पनि लोकनृत्य प्रचलनका दृष्टिले थकाली र ल्होवा समुदाय मात्र रहेका छन् भन्ने देखिएको छ । यस आधारबाट ल्होवा र थकाली समुदायका आआफ्ना भाषा, संस्कृति, रीतिरिवाज, परम्परा र वेशभूषा तथा लोकसाहित्यका प्रदर्शनमूलक विधाअन्तर्गत पर्ने लोकनृत्य विधा प्रचलित छन् भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ । यहाँका दुवै समुदायले विभिन्न सांस्कृतिक र पार्विक अवसरमा महिला र पुरुष मिलेर सामूहिक रूपमा लोकनृत्यको प्रस्तुति गर्ने

गर्दछन् जसमा तिब्बती संस्कृतिको प्रभाव बढी छ भन्ने देखिएको छ। अत्यन्त जाडो र व्यापार व्यवसायमा समेत तल्लीन यहाँका वासिन्दा केही महिना यहीँ र केही महिना अन्यत्र गई बसोवास गर्ने प्रचलनले हाल यस्ता नृत्यहरू लोपोन्मुख अवस्थामा पुगेका छन् र नयाँ वर्ष वा कुनै सार्वजनिक सभा वा समारोहका अवसरमा मात्र प्रस्तुत गर्ने गर्दछन् भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ। यहाँका सर्वसाधारण जनता र परम्परित रूपमा मानिँदै आइएका राजामहाराजाले मनाउने नयाँ वर्षको समय फरक रहेकाले यस अवसरमा प्रदर्शन गरिने नृत्यसमेत फरकफरक प्रकारका छन् भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ। यस्ता नृत्यअन्तर्गत आख्यानबद्ध र आख्यानमुक्त, पार्विक र अन्य अवसरमा प्रस्तुत गरिने, राजामहाराजा र सर्वसाधारणका, निर्धारित वेशभूषायुक्त र वेशभूषारहित तथा वाद्य मात्र र वाद्य तथा गेयको संयोजनमा प्रस्तुत गरिने गरी विविध प्रकारका छन् भन्ने पनि यस अध्ययनबाट स्पष्ट भएको छ। तर लोपोन्मुख अवस्थामा पुग्न लागेका यस्ता नृत्यहरूको संरक्षण गरी पर्यटकलाई भित्र्याएर आयआर्जनको माध्यम बनाउन सकिने देखिन्छ। त्यसैले यसतर्फ राज्यका सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ भन्ने पनि यस अध्ययनबाट पुष्टि भएको छ।

## सन्दर्भ सामग्रीसूची


अग्रवाल, अनसूया (सन् २००९). *हिन्दी लोकसाहित्यशास्त्र सिद्धान्त और विकास.* दिल्ली : नीरज बुक सेंटर।

आप्टे, शिवराम (सम्पा.) (सन् २००७). *संस्कृत-हिन्दी शब्दकोश.* नई दिल्ली : अशोक प्रकाशन।

जैन, शान्ति (सन् १९९९). *लोकगीतों का आयाम.* वाराणसी : विश्वविद्यालय प्रकाशन।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१). *नेपाली लोकसाहित्यको विवेचना.* काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र।

नेपाल सरकार (२०६९). *नेपालको जनगणना प्रतिवेदन २०६८.* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग।

न्यौपाने, कुसुमाकर (२०६७). गण्डकी अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन. महादेव अवस्थी (सम्पा.). *प्रज्ञा.* २ (१०४), पृ. ८९–१०४

न्यौपाने, कुसुमाकर (साउन–पुष, २०६८). गण्डकी अञ्चलमा प्रचलित लोकनाच. गोविन्द आचार्य (सम्पा.). *लोकसंस्कृति.* ७ (११), पृ. ७५–८३

न्यौपाने, कुसुमाकर (२०७०). *नेपाली लोकगीत.* पोखरा : फिस्टेल पब्लिकेशन।

पन्त, कालीभक्त (२०४३). *हाम्रो सांस्कृतिक इतिहास.* स्याङ्जा : कालीभक्त पन्त।

पराजुली, कृष्णप्रसाद (२०५७). *नेपाली लोकगीतको आलोक.* काठमाडौँ : वीणा प्रकाशन।

पराजुली, मोतीलाल (२०६३). *नेपालमा प्रचलित नृत्य र नृत्य नाटिकाहरू.* ललितपुर : साझा प्रकाशन।

पोखरेल, बालकृष्ण (निर्दे.) (२०७५). *नेपाली बृहत् शब्दकोश* (दसौँ संस्क.). काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौँ : एकता प्रकाशन।

बिष्ट, डोरबहादुर (२०५८ सन् २००२). *सबै जातको फूलबारी.* काठमाडौँ : किताव महल।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

शर्मा, जनकलाल (२०३९). *हाम्रो समाज : एक अध्ययन.* ललितपुर : साझा प्रकाशन।

शर्मा, नगेन्द्र (२०६३). *नेपाली जनजीवन* (चौथो संस्क.). ललितपुर : साझा प्रकाशन.।

शर्मा, मुकुन्द (२०७६). *मगरको घाँटोनाच.* काठमाडौँ : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान।

शर्मा, मुकुन्द (२०७७). *गण्डकी प्रदेशका नृत्यहरूको अध्ययन.* अप्रकाशित परियोजनापत्र, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान।

शर्मा, मुकुन्द (२०७८). *त्रिवेणीदेखि मुक्तिनाथसम्मका लोकनृत्यहरू.* काठमाडौँ : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान।

सत्येन्द्र (सन् २००६). *लोक साहित्य विज्ञान* (दोस्रो संस्क.). जोधपुर : राजस्थानी ग्रन्थागार।